म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २२३ | मंगलबार, १२ चैत २०८१ | ने. सं. ११४५ चिल्लागा | 25 March 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

मौसमी फ्लु रोकथामका उपाय
☞ बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
☞ खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
☞ शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
☞ बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
☞ समयसमयमा साबुनपानीले हात धुऔं,
☞ स्यानिटाइजरको प्रयोग गरौं ।
आँखा, नाक, मुख छोईरहने बानी नगरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## राक्सिराङका सबै वडामा विजुली बिस्तार

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाको सबै वडा विद्युतको पहुँचमा पुगेका छन् ।

सोमबार एक कार्यक्रमका बीच राक्सिराङका ९ वटै वडामा नेपाल विद्युत् प्राधिकरणले विद्युतको पहुँच पुऱ्याइएको घोषणा गरिएको हो ।



गाउँपालिकाको पहलमा प्राधिकरणले 'चेपाङ बिजुली कार्यक्रम' अन्तर्गत विद्युत् सेवा पुऱ्याइएको हो । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सोमबार एक समारोहबीच राक्सिराङ गाउँपालिका-९, खैराङबाट राक्सिराङलाई पूर्ण विद्युतीकरण वडा घोषणा गरेका हुन् । उनले राक्सिराङ-९ खैराङकी फूलमाया चेपाङको घरको विद्युतको मिटर पनि 'स्वीचअन' गरेर पूर्णविद्युतीकरण वडा घोषणा गरेका हुन् ।

टुकी र दियालोको उज्यालोमा जीवन बिताइरहेका खैराङलगायत राक्सिराङका दुर्गम बस्तीका ९ वटै वडाका चेपाङ लगायत अन्य समुदायको घरमा विद्युत् सेवा पुगेको हो । मकवानपुरकै दुर्गम खैराङमा २०७६/७७ देखि नै चेपाङलाई बिजुली कार्यक्रम अघि बढाइएको थियो । गाउँपालिकाले आफ्नै स्रोतमा सञ्चालन गर्दै आएको विद्युतीकरणको कामलाई प्राधिकरणले चेपाङलाई बिजुली कार्यक्रममार्फत् सम्पन्न गरेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए ।

अध्यक्ष मल्लका अनुसार सुरुवातमा गाउँपालिकाले एक करोड रुपैयाँ र पछि प्रदेश सरकारले एक करोड रुपैयाँ थप गरी प्राधिकरणको सहयोगमा ६ करोड रुपैयाँले वडामा बत्ती पुऱ्याउन विद्युत् पोल गाड्ने र तार तान्ने काम गरिरहेको थियो । ५ हजार घरधुरी रहेको राक्सिराङका १ हजार २ सय घरमा अझै विद्युत् पहुँच पुराउन बाँकी रहेको अध्यक्ष र मल्लले बताए । यसका लागि प्राधिकरणलाई अनुरोध गरिसकेको समेत उनले बताए ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले चेपाङलाई विद्युत् कार्यक्रममार्फत् ३० करोड रुपैयाँको लागतमा अभियानलाई अघि बढाएको उनको भनाइ छ । कार्यक्रममार्फत् सबै वडामा विद्युतको पहुँच पुगेपनि अझै सबै नागरिकको पहुँचमा विद्युत् सेवा पुऱ्याउन बाँकी रहेको उनले बताए । अभियान अन्तर्गत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ३३० वटा विद्युत् मिटर राक्सिराङमा विभिन्न वडाका विपन्न चेपाङलाई नि:शुल्क वितरण गरेका थिए । २०७८ को राष्ट्रिय जनगणनाअनुसार २५ हजार ९९६ जनसंख्या रहेको यो पालिकामा ५ हजार ४४ घरधुरी छन् ।

कार्यकारी निर्देशक घिसिङले प्राधिकारण बत्ती काट्नेभन्दा उज्यालो पार्ने संस्थाको रुपमा विकास भइरहेको बताए । नेपालको विद्युतले विदेशमा समेत उज्यालो पार्ने काम भइरहेको उनको भनाई छ । हाल आयातको तुलनमा निर्यातको दर वृद्धि भइरहेको उनले बताए ।

कार्यकारी निर्देशक घिसिङले देशमा विद्युत् सेवा नपुगेको ठाउँ प्राधिकरणले खोजी गरिरहेका बताए । प्राधिकरणले तत्कालीन समयमा लोडसेडिङ अन्त्यभन्दा पनि विद्युतको पहुँच पुऱ्याउन महत्वपूर्ण दायित्वको रुपमा लिएर काम गरिरहेको उनको भनाइ छ ।

सरकारको दायित्व पूरा गर्न आफूले प्राधिकरणमार्फत नेतृत्व लिएको उनले बताए । घिसिङका अनुसार २०७३ मा आफूले प्राधिकरणको नेतृत्व लिँदा ५८ प्रतिशत नागरिक विद्युतको पहुँच पुगेको र हाल ९९ प्रतिशत नागरिकमा विद्युतको पहुँच पुगेको उनले दाबी गरे । कार्यकारी निर्देशक घिसिङले राक्सिराङको सबै नागरिकको घरमा वर्षायाम अघि नै विद्युत् पुऱ्याउन मातहतका कार्यालयलाई निर्देशन समेत दिए । बजेट तथा अन्य आवश्यक व्यवस्थापन गर्न प्राधिकरण तयार रहेको, हाल नपुगेका स्थानमा विद्युतीकरण गर्न ८ करोड रुपैयाँमा ठेक्का लागेको र समयमै काम सुरु गरी सम्पन्न गर्न पनि उनले आग्रह गरे ।

गरिबलाई नि:शुल्क मिटर वितरण गर्ने तथा न्यूनतम महसुल तिर्न परेको समस्या हल गर्न प्राधिकरणले पहल गर्ने उनले बताए । कार्यकारी निर्देशक घिसिङका अनुसार गरिब विपन्नका साथै सिँचाइ, खानेपानीका आयोजनालाई पनि विद्युत् महसुलमा सहुलियत दिइएको छ । कार्यक्रममा दुर्गम पालिकाको घरघरमा विद्युतीकरण गर्न सहयोग पुऱ्याउने कार्यकारी निर्देशक घिसिङलाई गाउँपालिकाले सम्मान गरेको थियो ।

## लेकपानी-धुपारे-भैरबडाँडा खानेपानी आयोजना उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ हेटौंडा-१ र १९ नं. वडाका उपभोक्ताको लागि निर्मित खानेपानी आयोजना लेकपानी-धुपारे-भैरबडाँडाको सोमबार उद्घाटन गरिएको छ ।

बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिचाईमन्त्री श्यामबहादुर खड्काले खानेपानी आयोजनाको उद्घाटन गरेका हुन् । कार्यक्रममा मन्त्री खड्काले जनताको समस्यालाई सम्बोधन गर्न नसक्दा नै अहिले प्रदेश सरकारप्रति जनताको नैराश्यता छाएको बताए । विगतमा पहुँचको आधारमा विभेदपूर्ण तरिकाले बजेट विनियोजना भएकोले पनि त्यस्तो स्थिति सिर्जना भएको उनले दाबी गरे । मन्त्री खड्काले जनतासँग प्रत्यक्ष सरोकार राख्ने योजनालाई छिटो भन्दा छिटो सम्पन्न गर्नुपर्नेमा जोड दिए ।

मन्त्री खड्काले धेरै बोल्ने नभएर धेरै काम गर्ने जनप्रतिनिधि भएमा हाल जनतामा सिर्जना भएको नैराश्यता कमी गर्न सकिने बताए । यस अघिको प्रदेश सरकारले पर्याप्त बजेट प्राथमिकताको आधारमा विनियोजन नगर्दा यो योजना अधुरो रहेको स्पष्ट पार्दै अब एक वर्षभित्रमा काम सम्पन्न हुनेगरी बजेट विनियोजन हुनेमा ढुक्का हुन मन्त्री खड्काले आस्वास्थ पार्नुभयो ।

योजनाको लागि चालू आर्थिक वर्ष २०८१/८२ मा ७८ लाख रुपैयाँ विनियोजन भएकोमा २ वटा ७५ घनमिटर क्षमताको ग्राउण्ड रिजर्भ्वायर टंकी र पाइप खरिद कार्यको लागि ७१ लाख रुपैयाँ खर्च भइसकेको खानेपानी तथा सरसफाई डिभिजन १ मकवानपुरका डिभिजन प्रमुख रविन श्रेष्ठले जानकारी दिए । खानेपानी आयोजनाबाट ७ सय भन्दा बढी घर लाभान्वित हुने कार्यालयले जनाएको छ । बाँकी घरधुरीलाई व्यवस्थित ढंगले खानेपानी सञ्चालन गर्न १ करोड ५० लाख बजेट आवश्यक रहेको डिभिजनप्रमुख श्रेष्ठले बताए ।

लेखपानी-धुपारे-भैरबडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समिति अध्यक्ष खड्गरत्न गोलेको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका पूर्वखानेपानी मन्त्री एकालाल श्रेष्ठ, १ नम्बर वडाध्यक्ष सविन न्यौपाने, १९ नं. वडाध्यक्ष नरनाथ सुवेदी, खानेपानी ऊर्जा तथा सिंचाई मन्त्रालयका महाशाखा प्रमुख नबीन अधिकारी, बागमती प्रदेश खानेपानी महासंघ तथा सरसफाई उपभोक्ता महासंघका अध्यक्ष बद्री देबकोटालगायतको आतिथ्यता रहेको थियो ।

## थानकोट-चित्लाङ सडक स्तरिकरणको लागि ठेक्का आव्हान



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/हेटौंडा जोड्ने सबैभन्दा छोटो दूरिको बाटो थानकोट-चित्लाङ सडक स्तरीकरणको लागि थप २५ करोड रुपैयाँको ठेक्का आव्हान गरिएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ अन्तर्गत यसअघि नै १५ करोड बराबरको ठेक्का लागिसकेको यो सडकमा हाल ११ सय मिटर पिच, मोड काट्ने, नाली बनाउने, पर्खाल बनाउनेलगायत निर्माणकार्य भइरहेको छ भने २०८१/८२ का लागि थप २५ करोडको ठेक्का आव्हान गरिएको हो ।

ऐतिहासिक थानकोट-चित्लाङ सडक खण्डमा वर्षेनी बजेट विनियोजन हुने गरेको भएपनि ठेकेदारको लापरबाही, स्थानीय तहको उचित नियमनको अभाव र प्राकृतिक स्रोतको चरम दोहनले यो सडक सीमित व्यक्तिहरुको कमाई खाने भाँडोको रुपमा प्रयोग हुँदै आएको आरोप लगाइएको छ ।

## 'दलित महिलाको बजेट पहुँचका आधारमा पुरुषमा पुग्ने गरेको छ'

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ सरकारको नीति, कार्यक्रम र बजेट दलित महिलालक्षित नभएको सरोकारवालाले गुनासो गरेका छन् ।

दलित महिला संघ (फेडो) मकवानपुरको आयोजनामा सोमबार हेटौंडामा भएको सामाजिक समावेशीकरण दलित महिलाको अवस्था र सरोकारवालाको भूमिका विषयक बागमती प्रदेशस्तरीय अन्तर क्रियामा उनीहरुले गुनासो गरेका हुन् । सरकारले दलित महिलाको लागि छुट्याएको बजेट पहुँचको आधारमा दलित पुरुषमा पुग्ने गरेको उनीहरुको बुझाई छ ।




तीनवटै तहको सरकारले दलितको क्षेत्रमा न्युन बजेट विनियोजन गर्ने गरेको उनीहरुको गुनासो छ । राज्यका महत्वपूर्ण निकायमा अर्थपूर्ण नेतृत्वको लागि अभियान नै सञ्चालन गर्नुपर्ने कार्यक्रममा सहभागीले बताएका छन् । अन्य समुदायको तुलनामा दलित महिलाको शिक्षामा कम पहुँच भएकोले आर्थिकरुपमा सबल हुन नसकेको उनीहरुले बताएका छन् । दलित महिलाले उत्पादन गरेको वस्तुको बजारीकरणमा समेत समस्या पर्ने गरेको उनीहरुको गुनासो छ ।

आर्थिक रुपमा नै दलित समुदायलाई सबल बनाउन सरकारले लगानीमा बृद्धि गर्नुपर्ने उनीहरुको धारणा छ । दलित महिलाको उद्यमशीलता प्रवर्द्धन गर्न सहुलियतपूर्ण ऋण र तालिमको व्यवस्था गर्नुपर्ने उनीहरुको माग रहेको छ । छुवाछुत र जातीयहिंसामा संलग्नलाई कडा कानुनको व्यवस्था गरी कठोर सजाय हुनुपर्ने उनीहरुको भनाई छ । दलहरुको राजनीतिक कुचक्रमा दलित, अल्पसंख्यक, पिछडिएका वर्गहरु पर्न नहुने उनीहरुको माग छ ।

दलित महिलाको राजनीतिक पहुँच सुनिश्चित्त गर्ने नीति पनि सरकारले अखितयारी गर्नुपर्ने उनीहरुको माग छ । समाजमा दलितहरु अन्य समुदायसँग प्रतिस्पर्धा गर्न तयार भएपनि उचित वातावरण अझै निर्माण हुन नसकेको उनीहरुले उल्लेख गरेका छन् । अब बन्ने सरकारको नीति, कार्यक्रम र बजेटमा लैंगिक र सामाजिकरुपमै विशेष सम्बोधन हुने नीति ल्याउनुपर्ने उनीहरुको भनाई छ ।

कार्यक्रममा नेपालभर हिंसापीडित दलित महिलाको कुल संख्या ११ दशमलब ५४ प्रतिशत रहेको समेत जानकारी गराइएको छ । फेडो मकवानपुरका अध्यक्ष पवित्रा विश्वकर्माको सभाध्यक्षता एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

## श्रीचन्द्र शर्मा स्मृति सम्मान बैशाख २० गते प्रदान गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/मदन भण्डारी फाउन्डेसन मकवानपुरका संस्थापक अध्यक्ष श्रीचन्द्र शर्माको स्मृतिमा स्थापना गरिएको श्रीचन्द्र शर्मा स्मृति सम्मान आगामी बैशाख २० गते प्रदान गरिने भएको छ ।

फाउन्डेसनको बैठकले संस्थापक अध्यक्ष शर्माको स्मृतिमा हरेकवर्ष प्रदान गरिदै आएको नगद राशिसहितको सम्मान आगामी बैशाख २० गते विशेष कार्यक्रमको आयोजना गरेर प्रदान गर्ने निर्णय गरेको हो । फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले नियमितरुपमा प्रदान गरिदै आएको सम्मान शर्माको स्मृति दिवशकै अवसरमा प्रदान गर्नेगरी संस्थाका सचिव बोलबाहादुर कार्कीको संयोजकत्वमा संस्थाका कोषाध्यक्ष चन्द्रावती पनेरु र सदस्य मुकुन्द अधिकारी रहने गरी ३ सदस्य सिफारिस समिति समेत गठन गरेको छ ।

समितिले जिल्लामा राजनीतिक एवम् सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिमध्येबाट नाम सिफारिस गर्ने अध्यक्ष खुलालले जानकारी दिए । यस्तै बैठकले यसअघि संस्थाद्वारा सहिद दिवसका अवसरमा आयोजित कार्यक्रमको समिक्षा गर्दै कार्यक्रम सफल भएको निष्कर्ष निकालेको छ । बैठकले सदस्यता नवीकरण गर्न सबै सदस्यलाई आव्हान गर्ने, साथै आगामी बैशाख २० गते नै संस्थाको अधिवेशन आयोजना गर्ने निर्णय गरेको अध्यक्ष खुलालले बताए ।

## अन्तर्राष्ट्रिय क्षयरोग दिवसका अवसरमा जनचेतनामूलक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ अन्तर्राष्ट्रिय क्षयरोग दिवसका अवसरमा थाहा नगरपालिकाले जनचेतनामूलक कार्यक्रमको आयोजना गरेको छ ।

थाहा नगरपालिकाको आयोजनामा दिवसको अवसरमा वडा नं. ९ चित्लाङमा सचेतनामूलक ऱ्याली, सडकनाटक प्रदर्शन सहित दिवस मनाइएको हो । सान्भी फिल्मस्सँगको सहकार्यमा थाहा नगरपालिकाले नगरपालिकाको चित्लाङ र वडा न ७ को डाँडाबासमा सचेततनामूलक सडकनाटक प्रदर्शन गरेको थाहा नगरपालिका क्षयरोग फोकल पर्सन प्रद्युम्न हमालले जानकारी दिए ।

चित्लाङमा भएको ऱ्यालीमा वनविज्ञान विद्यालयमा अध्यनरत विद्यार्थी तथा चित्लाङ कराते डोजोका खेलाडीको सहभागिता रहेको थियो । क्षयरोगका कारण नेपालमा हजारौं मानिस प्रभावित भइरहेका छन् । विश्वव्यापीरुपमा क्षयरोग अन्त्यका लागि गरिएका हाम्रो साझा तथा सामूहिक संकल्पमा थाहानगर कटिबद्ध रहेको नगरप्रमुख बिष्णु बिष्टले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# ग्रामीण क्षेत्रमा ज्येष्ठ नागरिक

जेष्ठ नागरिकलाई सहरको कोठे जीवनचर्या पटक्कै मन पर्दैन । स्वास्थ्य उपचारका लागि सहरी क्षेत्रमा मात्र सुबिधा उपलब्ध भएकै कारण कतिपय जेष्ठ नागरिक सहर केन्द्रित भएका छन् । तर, अधिकांश जेष्ठ नागरिक भने गाउँमै रमाइरहेका छन् । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालमा ज्येष्ठ नागरिकको वार्षिक वृद्धिदर ३ दशमलव २९ प्रतिशत रहेको छ । आइतबार राष्ट्रिय समावेशी आयोगले हेटौंडामा आयोजना गरेको बृद्धाश्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आधार र मापदण्ड विषयक छलफलमा २०७८ को जनगणनाअनुसार नेपालको कूल जनसंख्याको वार्षिक वृद्धिदर ० दशमलव ९२ प्रतिशत रहँदा ज्येष्ठ नागरिकको वार्षिक वृद्धिदर भने ३ दशमलव २९ प्रतिशत रहेको जानकारी दिएको छ । २०५८ को जनगणनाअनुसार नेपालमा ज्येष्ठ नागरिकको संख्या कुल जनसंख्याको ६ दशमलब ५ प्रतिशत अर्थात् १५ लाख, २०६८ मा ८ दशमलब १३ प्रतिशत अर्थात् २१ लाख ५४ हजार र २०७८ मा १० दशमलब २१ प्रतिशत अर्थात् २९ लाख ७० हजार रहेको छ । नेपालमा ८५ प्रतिशत भन्दा बढी ज्येष्ठनागरिक ग्रामीण क्षेत्रमा बस्ने गरेको पाइएको छ ।

ग्रामीण क्षेत्रमा बस्ने अधिकाशं ज्येष्ठ नागरिक कृषिपेशामा आबद्ध रहेको र अवसरबाट वञ्चित हुन पुगेको आयोगले जानकारी दिएको छ । अशिक्षा र कमजोर खानपानको कारण ज्येष्ठ नागरिकमा पोषणको समस्या देखिने गरेको छ । ६५ वर्षभन्दा माथिको उमेरका ज्येष्ठनागरिकमध्ये ४७ प्रतिशत ज्येष्ठ नागरिक आर्थिकरुपमा सक्रिय रहेको आयोगको अध्ययनले देखाएको छ । ८० प्रतिशत भन्दा बढी ज्येष्ठनागरिक छोरासँग बस्ने गरेको र छोरीसँग बस्ने ज्येष्ठ नागरिकको अनुपात २ दशमलब ७ प्रतिशत रहेको छ । कूल ज्येष्ठ नागरिकको संख्यामा ९ दशमलब ११ प्रतिशत विधुर र २४ दशमलब ९४ प्रतिशत विधवा ज्येष्ठनगरिक रहेका छन् । ज्येष्ठ नागरिकको जीवनयापनमा समस्या देखिएमा पालनपोषणको कर्तव्य भएको व्यक्तिको आम्दानीबाट मासिकरुपमा सम्वन्धित ज्येष्ठ नागरिकको खातामा रकम जम्मा गर्न लगाउने, उजुरी लिने, मेलमिलाप गराउनुपर्ने जस्ता कार्य गर्न स्थानीय तहलाई आयोगले आग्रह गरेको छ । ज्येष्ठ नागरिकको ज्ञान, सीप, क्षमता र अनुभवको उपयोग गर्ने खालको नीति ल्याउन आयोगले सरकारलाई सिफारिस गरेको छ । ज्येष्ठ नागरिकमैत्री पूर्वाधार र सुविधा विस्तार गरी स्वास्थ्यसेवा र सार्वजनिक यातायातमा सुविधाको प्रबन्ध गर्न सिफारिस गरिएको छ । हेटौंडा उपमहानगरपालिकाले ज्येष्ठ नागरिकको लागि वडास्तरीय तथा नगर स्तरीय जेष्ठ नागरिक मञ्च गठन गरेको, अन्तरपुस्ता सीप हस्तान्तरण जस्ता कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । छलफलमा वक्ताले जेष्ठ नागरिकको सवालमा सरकार परिवर्तन भएपिच्छे नीति पनि परिवर्तन भएको गुनासो गरेका थिए । सामाजिक सुरक्षा भत्ताको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा कतिपय ज्येष्ठ नागरिक छुट्ने गरेको उनीहरुले बताए ।

स्वास्थ्य उपचारमा छुट दिने व्यवस्था भएपनि त्यो पूर्णरुपमा कार्यान्वयन हुन नसकेको उनीहरुले बताएका थिए । बृद्धाश्रममा भएको ज्येष्ठ नागरिकको नागरिकता बनाउन समस्या पर्ने गरेकोले त्यसको सहजीकरण सरकारले गर्नुपर्ने उनीहरुको भनाई थियो । ज्येष्ठ नागरिकको हक अधिकारबारे बोल्ने मञ्च प्रदेशस्तरमै गठन गर्न माग गरेका छन् । तीनै तहको सरकारले ज्येष्ठ नागरिक, बालबालिकाको लागि पनि बजेट छुट्याउनु पर्ने उनीहरुले बताए । सरकारले निर्माण गरेका वृद्धाश्रमका भौतिक संरचना कमजोर छन् । केही नभएका र कोही नभएकाको अभिभावकत्व सरकारले लिनुपर्ने, अवसर र पहुँचबीचमा रहेको पर्खाल तोड्नुपर्ने माग छ । जनतासँग सबैभन्दा पहिले भेटिने सरकार स्थानीय सरकार भएकोले पछाडि परेको बर्गलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्न माग गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत १३ गते बुधबार २६ मार्च २०२५ । द्वादशी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३, सूर्यास्त ६:१८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक काममा रुचि बढ्नेछ | तुला | : प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | : यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | : आत्म-विश्वास बढ्नेछ |
| मिथुन | : त्रासमय दिन हुनेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : खानपिन राम्रो हुनेछ | मकर | : पारिवारिक जमघट हुनेछ |
| सिंह | : शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | : स्वादिष्ट भोजनकोआनन्द मिल्नेछ |
| कन्या | : मन पर्ने उपहार पाइने योग छ | मीन | : कामबाट फुर्सद मिल्नेछ |

# राष्ट्र हाम्रो अस्तित्वको सुगन्ध



✍ज्ञानेन्द्र विवश

स्वाभिमान आत्मसम्मानको वृक्ष हो । जुन व्यक्तिको आन्तरिक शक्तिको प्रतीक पनि हो । यो केवल बाह्य देखावटी कुरा होइन । तर एक जीवनदायिनी शक्ति हो । यसले हाम्रो अस्तित्वलाई अर्थपूर्ण बनाउँछ । हामी हाम्रो स्वाभिमानको आकाशमा उड्न थाल्दा, हामी आकाशजस्तो असीमित र स्वतन्त्र महसुस गर्छौं । स्वाभिमानको आकाश हाम्रो चिन्तन र विचारहरूको विस्तारित क्षेत्र हो । यस आकाशमा हाम्रो आत्मविश्वासले न्यानो प्रकाश फैलाउँछ । यो कुनै ठूलो आकाशको आकार लिन सक्छ, जहाँ हामी हाम्रो योग्यताको उचाइमा पुग्न सकिन्छ । यति मात्र होइन, हामीसँग अस्तित्वको सुगन्ध पनि समावेश हुन्छ । यसले हामीलाई जीवनको वास्तविकता बुझाउँछ । अस्तित्वको सुगन्धले जीवनका सानातिना पलको महत्व हो । ती क्षणहरू जसले हामीलाई यस पृथ्वीमा जीवनको महत्व र यसको जिउने अर्थ सम्झाउँछन् ।

जब हामी स्वाभिमानको आकाशमा उड्छौं, हामी हाम्रो अस्तित्वको सुगन्ध पनि फैलाउँछौं । यसले अरूसँग सकारात्मक सम्बन्ध निर्माण गर्न, आफ्ना सपना पूरा गर्न र सामाजिक न्यायका लागि संघर्ष गर्न उत्प्रेरित गर्छ । अस्तित्वको सुगन्ध भनेको हामी आफैंले बाँच्ने र संसारलाई जिउने शैलीको आभास हो । हाम्रो स्वाभिमान र अस्तित्वको सुगन्धले हाम्रो समाजमा एक उज्यालो छाया छोड्छ । जब हरेक व्यक्ति आफ्नो स्वाभिमान र अस्तित्वको सुगन्धसँग साक्षात्कार गर्न सक्छ, समाजमा शान्ति र समृद्धि फैलन सक्छ । यसरी, स्वाभिमान र अस्तित्वको सुगन्ध एक-अर्कामा गुँथेर जीवनको वास्तविक अर्थ र उदात्तता प्रस्तुत गर्छ ।

रातको नीलो अन्धकारमा आकाश झलझली टल्कन्छ, जूनले हिमाललाई चुम्छ, अनि सेतो उज्यालो छरिन्छ- त्यसरी नै राष्ट्रको पहिचान पनि स्वाभिमानको चन्द्रमाले प्रकाशित हुन्छ । राष्ट्र भनेको माटो मात्र होइन, यो त हाम्रा सपनाहरूको गोरेटो हो । हाम्रा पुर्खाहरूको पसिना हो । हाम्रा सन्ततिहरूको आधारशिला हो । हामी कसरी चिनिन्छौं ? हामी कुन परिचयले बाँच्छौं ? भाषा, धर्म, संस्कृति, इतिहास मिलेर बनाएको विशाल चित्र नै हाम्रो पहिचान हो । हामी आफ्नो राष्ट्रलाई माया गर्छौं, आफ्ना परम्परालाई गर्व गर्छौं भने हामी साँच्चै नेपाली हुन्छौं । हिमाल र पहाडको चुचुरोजस्तै अडिग राष्ट्रियता, नदीजस्तै बगिरहने जिजीविषा, अनि हिमालजस्तै विशाल स्वाभिमानले मात्र हामीले हाम्रो अस्तित्वलाई जोगाउन सक्छौं ।

स्वाभिमान आत्मसम्मानको जरो हो । यसले कुनै पनि राष्ट्रलाई दृढ बनाउँछ । जसरी हिमालहरू आफ्ना उच्च शिखरहरू लिएर गर्वसाथ अडिएका छन्, त्यसरी नै हाम्रो आत्मसम्मानले हामीलाई उँचो राख्छ । हामीले आफ्नो स्वाभिमानलाई सम्हाल्न सक्दां, हाम्रो अस्तित्व अविचलित रहनेछ । राष्ट्रप्रेम भनेको भाषणमा सीमित हुनुहुँदैन । यसलाई व्यवहारमा उतार्नुपर्छ । किसानले कोदाली चलाउँदा, सिपाहीले बन्दुक उठाउँदा, शिक्षकले पाठ पढाउँदा, साहित्यकारले कलम समाउँदा सबै हातमा राष्ट्रप्रेम हुनुपर्छ । स्वाभिमानको उज्यालो दीप ज्वाज्वल्यमान भएर बल्नुपर्छ ।

समयले बारम्बार राष्ट्रलाई चुनौती दिन्छ । कहिले आन्तरिक असन्तोष, कहिले बाह्य दबाब, कहिले आधुनिकताले ओगट्दै गएको मौलिकता । यी सबैले हाम्रो पहिचानलाई धमिल्याउन खोज्छन् । हामी आफ्नो माटोलाई माया गर्छौं, हामीलाई कसैले पनि गुमनाम पार्न सक्दैन । राष्ट्रियता भनेको धरोहरजस्तै हो, जसलाई पुस्तौं-पुस्ताले स्याहार्नुपर्छ । हाम्रा गाथा, हाम्रा इतिहास, हाम्रा संघर्षहरू बिर्सनु भनेको आफ्नो आत्मालाई बिर्सनु हो । कुनै पनि सभ्यताको मेरुदण्ड त्यहाँका नागरिकको चेतना हो । चेतना भनेको आफ्नो अस्तित्वप्रति हुने सुदृढ विश्वास पनि हो ।

इतिहास कालगणनाको साधन साथै यो एउटा जिउँदो प्रवाह पनि हो । यसले हामीलाई हाम्रो मूलचेतनासँग जोडिराखेको हुन्छ । गाथाहरू अतीतका कथाहरू मात्र हुँदैनन्, तिनमा हाम्रो पहिचानको बीउ रोपिएको हुन्छ । संघर्षहरू भोगाइका दस्तावेज मात्र होइनन्, तिनमा हाम्रो आत्माको बलियो संरचना खडा भएको हुन्छ । यी सबै बिर्सनु भनेको आफैंलाई हराउनु हो । जस्तै- एउटा चोला तर आत्माविहीन, एउटा शरीर धड्कनविहीन ।

'नेपाल', यो एउटा नाम र एउटा इतिहास हो । एउटा संघर्ष हो, एउटा चेतना पनि हो । हिमालको उचाइमा उभिएको हाम्रो स्वाभिमान, पहाडका कन्दराहरूमा बगेका हाम्रो संघर्षका अश्रुधाराहरू, तराईका समथर भूमि सुहाउँदो हाम्रो सहिष्णुता । यी सबै हामी नेपालीका प्रतीक हुन् । हाम्रो इतिहास युद्धका किल्लाहरूमा कुँदिएको हाम्रो गाथा धर्म, संस्कार र परम्परामा जीवन्त छ । हाम्रो संघर्ष हाम्रो अस्तित्वकै धरातल हो । पृथ्वीनारायण शाहले एकीकरणको अभियान चलाउँदा उनले भूगोल जोडेका थिएनन् । उनले नेपाली मनहरूलाई जोड्ने प्रयास गरेका थिए । पूर्व, पश्चिम, उत्तर, दक्षिण जोडिएको भौगोलिक एकाइ मात्र नेपाल होइन । यो मन, माटो र महसुसको सामूहिक चेतना पनि हो । यो आपसी मित्रतामा बाँधिएको 'प्रेम' हो । यो रगतमा र ङिएको 'बलिदान' हो । यो आत्मामा गढिएको 'गौरव' हो । एउटा झन्डा, एउटा परिचय । एउटा चिनारी, एउटा गौरव । रातो पृष्ठभूमिमा उभिएको चन्द्र र सूर्य, नेपालीपनको अमर प्रतीक । यो त्रिभुजाकार कपडाको टुक्रा नेपाली मनभित्र लहराइरहने गौरवको 'ध्वजापत्र' हो । हाम्रा वीर पुर्खाहरूको 'श्वासप्रश्वास' हो । हाम्रो सपनाहरूको 'स्पन्दन' हो । रातो र चन्द्र सूर्य हाम्रो 'जंगी निशाना' हो । हाम्रो 'अभिमान' र हाम्रो 'आत्मा' सबै हो ।

हिमालजस्तै अडिग, पहाडजस्तै स्थिर र तराईको ऊर्वर माटोजस्तै जीवनदायी हाम्रो झन्डा । यसले हामीलाई असंख्य कथाहरू सुनाउँछ । युद्धका मैदानमा उभिएर जीवन बलिदान दिने वीरहरूको, शान्तिको सन्देश फैलाउने बुद्धको, आफ्नै भूमिमा पसिना चुहाएर जीवन उभ्याउने किसानहरूको र अनेक संघर्षका पानाहरू लेख्ने आमनेपालीको कथा बोकेको यो झन्डा, शिर उचालेर सधैं फर्फराइरहेको हुन्छ ।

यद्यपि समयसँगै हाम्रो चेतना ओइलिँदै गएको छ । इतिहासको गाथा ओझेल पर्दै गएको छ । संघर्षको कथा विस्मृतिको गर्तमा बिलाउँदै गएको छ । हिजोको गौरवशाली आत्मसम्मान आज स्वार्थ, षडयन्त्र र विभाजनका विविध आयाममा टुक्रिँदै गएको छ । हाम्रा पुर्खाहरूले जोगाएर राखेका आदर्शहरू आज इतिहासका केही अनुच्छेदहरूमा सीमित छन् । 'हामी नेपाली हौं' यो 'गर्व' र 'जिम्मेवारी' को विषय पनि हो । इतिहासलाई सम्झिनु मात्र पर्याप्त हुँदैन त्यसलाई आत्मसात् गर्नु ठूलो कर्म हुन्छ । गाथाहरू गाइरहने मात्र होइन तिनलाई जिउनुपर्छ ।

संघर्षको कथा सुनिरहने मात्र होइन तिनलाई आत्मसात् गर्नुपर्छ । हाम्रो चेतना बलियो भए मात्र हाम्रो अस्तित्व पनि बलियो हुने निश्चित छ । हाम्रा गाथाहरू जीवन्त राखौं, इतिहासलाई सम्झौं, संघर्षलाई शिरमा राखौं । किनभने जबसम्म हामी आफ्नो आत्मालाई सम्झिरहन्छौं, तबसम्म नेपाल अडिग रहन्छ । निलो आकाशमुनि फैलिएको हरियाली धरती, शिर उचालेर अडिएको हिमाल, माटोको सुगन्धमा मिसिएको पसिना, भाषा र संस्कृतिको मिठास । यिनै हुन् राष्ट्रका पहिचानहरू ! नक्सामा कोरिएको 'भूगोल' सँगै हामीभित्र बग्ने 'अनुभूति' पनि हो 'राष्ट्र' । हाम्रो सपनाको 'आधार' र हाम्रो अस्तित्वको 'सुगन्ध' हो ।

फूललाई माटोले जीवन दिन्छ, आकाशले खुला आकाश दिन्छ, पानीले तृप्त पार्छ । तर यदि ती आधारहरूमध्ये कुनै एक चुँडियो भने, फूल न बाँच्न सक्छ, न सुगन्ध दिन सक्छ । राष्ट्र भनेको त्यही माटो हो, जसले हामीलाई जीवन दिएको छ, पहिचान दिएको छ । तर के हामीले त्यो माटोको कदर गर्न सकिरहेका छौं ? राष्ट्रियता इतिहासका पुस्तकहरूमा सीमित हुने कुरा होइन, न त कुनै नारामा मात्र जीवित रहने भावना हो । यो त हाम्रो रगतमा प्रवाहित हुनुपर्छ, हाम्रा सपनाहरूमा बाँच्नुपर्छ । एउटा चराले जुनसुकै आकाशमा उड्न सक्छ । अन्ततः फर्कने ठाउँ आफ्नै गुँड हो । हामी जुनसुकै भूमिमा गए पनि हाम्रो जरा यही माटोमा गाडिएको छ । धेरैले भन्छन्, 'राष्ट्रप्रेम भनेको के हो ?' राष्ट्रप्रेम कुनै ठूला महल बनाउनु होइन, न त चर्को स्वरमा देशभक्ति गीत गाउनु मात्र हो । राष्ट्रप्रेम त सानो-सानो कुरामा झल्किनुपर्छ- आफ्नो भाषा बोल्नुपर्छ, आफ्ना मौलिकता जोगाउनुपर्छ र आफ्नो संस्कृतिको रक्षा गर्नुपर्छ । हाम्रो इतिहास गौरवशाली छ । पृथ्वीनारायण शाहले देखाएको एकताको सपना, भानुभक्तले कोरिदिएको भाषिक एकताको गौरव, वीर गोर्खालीहरूले जोगाएको स्वाभिमान- हाम्रो राष्ट्रको 'मेरुदण्ड' यिनै हुन् । गौरवलाई हामीले इतिहासमै मात्र सीमित राख्नुहुँदैन । हाम्रो स्वाभिमान आज पनि उत्तिकै 'सशक्त' हुनुपर्छ, हाम्रो पहिचान आज पनि उत्तिकै 'गर्विलो' बन्न सक्नुपर्छ ।

हाम्रो पहिचान मेट्न सक्ने कुनै शक्तिले जन्म लिन सक्दैन । यदि हामी स्वयं आफ्नो अस्तित्वको रक्षा गर्न जागरुक छौं भने । एउटा दीप उज्यालो हुन्छ, जब त्यसमा बत्ती बल्छ । त्यसै गरी, राष्ट्र उज्यालो हुन्छ, जब हाम्रा सपनाहरू, हाम्रा कर्महरू, हाम्रा आदर्शहरू स्वच्छ रहन्छन् र उज्यालोतिर उन्मुख रहिरहन्छन् भने । आफ्नो छातीमा हात राखेर सोचौं- यदि राष्ट्र छैन भने हाम्रो अस्तित्व के रहन्छ ? हामी के हौं, हामी किन छौं ? जबसम्म हामी आफ्नो देशलाई आत्मा बनाएर प्रेम गर्न सक्दैनौं, तबसम्म हाम्रो पहिचान अपूरो रहन्छ । त्यसैले राष्ट्रलाई इतिहासका पानामा मात्र होइन, हाम्रा सपनाहरूलाई हाम्रा कर्महरूमा, हाम्रा रगतका कण-कणमा जिउँदो राखौं । किनभने राष्ट्रभन्दा ठूलो केही छैन । यो हाम्रो माटो हो, हाम्रो पहिचान हो, हाम्रो अस्तित्वको सुगन्ध हो ।

राष्ट्रभन्दा ठूलो केही हुँदैन । हाम्रो अस्तित्व, हाम्रो भविष्य, हाम्रो गौरव- सबै राष्ट्रसँग गाँसिएको छ । जसरी एक फूलले माटोबिना सुगन्ध दिन सक्दैन, त्यसरी नै मानिस आफ्नो देशबिना पूर्ण हुन सक्दैन । राष्ट्रियता इतिहासमा मात्र होइन, हाम्रो रक्तसञ्चारमा बग्नुपर्छ । यदि हामीले स्वाभिमानको मियो समात्न सक्यौं भने, समयले हामीलाई कहिल्यै भत्काउन, टुक्राउन वा विभाजन गर्न सक्दैन । जग बलियो भए मात्र घर उँचो बन्न सक्छ । अनि राष्ट्रियता बलियो भए मात्र पहिचान अक्षुण्ण रहन्छ । राष्ट्र हामी हौं, हामी राष्ट्र हौं । त्यसैले राष्ट्र हाम्रो अस्तित्वको सुगन्ध हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# यसकारण चाहिन्छ, कर्णालीलाई क्षतिपूर्ति

✍हरिहर न्यौपाने

कर्णालीसँग सभ्यता छ, इतिहास छ, पर्याप्त प्राकृतिक स्रोत छ, ७२ प्रतिशत युवा जनशक्ति पनि छ । तैपनि, कर्णाली गरिबीको अत्यासलाग्दो चक्रमा फसेको छ, किन ? यसको जवाफ हो- २००७ सालदेखि अहिलेसम्म ४९ वटा सरकार गठन भए, ४८१ पटक मन्त्रिपरिषद्को हेरफेर भयो, २१४४ जना मन्त्री भए, ५६ हजार २११ वटा मन्त्रिपरिषद् निर्णय भए, ७३ वटा बजेट वक्तव्य आए । ७१८ वटा कानून बने, ३०३ वटा (संस्थान, प्रतिष्ठान, समिति, परिषद्, बोर्ड, आयोग र नियोग नामका) संरचना खडा गरी हजारौं व्यक्ति नियुक्ति भए । तर यी सबै प्रक्रियामा कर्णाली छुट्दै गयो, छुटाइँदै गयो, नाममात्रको सहभागिता भयो ।

लामो समयदेखि राज्यसत्ताको पहुँचमा रहनेहरूले राज्यस्रोत कब्जा गरे । सार्वजनिक रूपमा कर्णालीलाई सहयोगको खाँचो छ भन्दै अभिव्यक्ति दिए तर व्यवहारमा राज्यस्रोतको न्यायोचित भागीदार बनाएनन् । तिनै दल र पार्टीको लागि कर्णालीबाट सदस्य बनेकाहरू आफ्नै पार्टीभित्र निरीह पात्र मात्र बनेका छन् । तथ्यपरक बहस गर्न हिम्मत गर्दैनन् । बरु आफ्नो पार्टीको सैद्धान्तिक पक्षाको सहारामा सोझा कर्णालीवासीको समय बर्बादीतिर लाग्छन् । आफ्नो पार्टीभित्रको व्यवहारगत विचलन र कर्णालीप्रतिको अन्याय सहेर बस्छन् । सहने मात्र हैन, कतिपय अवस्थामा त्यो ठिक हो भन्ने हास्यास्पद तर्क दिन पछिपर्दैनन् । यो नियति हिजोदेखि थियो र अहिले पनि छ । यसले कर्णालीलाई थप क्षतिको बाटोमा लगेको छ ।

कर्णालीको बौद्धिक जनशक्ति राज्यले चिन्दैन । अहिले कर्णालीमा देशलाई मात्र होइन, विश्वलाई योगदान गर्न सक्ने जनशक्ति तयार भएको छ । हजारौंको संख्यामा इन्जिनियर, शिक्षक, डाक्टर र वित्त क्षेत्रको जनशक्ति तयार भएको छ तर राज्यले सदुपयोग गर्दैन, सहभागी गराउँदैन । अहिले नेपालमा १२१८ जनालाई सरकारले विभिन्न क्षेत्रमा संवैधानिक र राजनीतिक नियुक्ति दिन्छ । तर कर्णालीको जनशक्ति नगण्य मात्रामा छ । अथवा, छैन भन्दा पनि हुन्छ । १२ हजार बढी सरकारी कार्यालय छन् तर कर्णालीको हिस्सा ३ प्रतिशत छ । जनसंख्यालाई आधार मान्ने हो भने पनि यो अत्यन्तै न्यून हो ।

७१८ कानुन सक्रिय भएको नेपालमा कर्णाली लक्षित गरेर बनेका ५ वटा मात्र कानून छन् । यो अन्य प्रदेश र क्षेत्रको तुलनामा कहालीलाग्दो अवस्था हो । त्यसैले कर्णालीका लागि न कानून बने, न संरचना बने, न मानवस्रोतको परिचालन गरियो न बजेटमा प्राथमिकता दिइयो । यस्तो विभेद र अन्यायको मारमा ७३ वर्षदेखि कर्णाली पर्दै गयो । अहिलेका बजेट निर्माणको र वितरण प्रणालीले कर्णालीलाई कानूनी रूपमा बन्देज लगाएको छ । तर यस विषयमा कर्णालीबाट प्रतिनिधित्व गर्ने नेताहरूलाई कुनै चासो छैन ।

गणतन्त्रपछि नेपालमा उल्लेख्य भौतिक विकास भएको तथ्य सार्वजनिक भएका छन् । तर यस्ता भौतिक विकासका तथ्याङ्कभित्र कर्णाली खासै भेटिंदैन । सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयले प्रकाशन गरेको गणतन्त्रका १५ वर्ष नामक पुस्तकमा उल्लेख भएका उपलब्धिहरू विश्लेषण गर्दा पिछडिएको क्षेत्र विकासको मूलप्रवाहबाट झन्-झन् वञ्चितिमा पुगेको देखिन्छ । गणतन्त्रका १५ वर्षमा समेत हुम्लामा सडक पहुँच नपुग्नु सामान्य वञ्चितिको परिणाम होइन । गणतन्त्र स्थापनापूर्व अथवा २०६३ चैत मसान्तमा ट्र्याक खोलिएको सुर्खेत-जुम्ला सडक अहिले पनि मृत्युमार्गको रूपमा चिनिन्छ । कर्णाली सभ्यता र आर्थिक समृद्धिको आधार मानिने यो सडकले किन प्राथमिकता पाउन सकेन ।

२०६५ पछि शुरु गरिएका मदन भण्डारी र मध्यपहाडी लोकमार्ग सम्पन्नको चरणमा पुग्दै गर्दा माथिल्लो कर्णालीका नागरिक्ले सडक देख्न नपाउनुले स्रोतको न्यायोचित वितरण नभएको तथ्य प्रष्ट पारिदिन्छ । २४ वटा राष्ट्रिय गौरवका आयोजनामा सरकारले गरेको लगानीले कर्णाली लगायत उपेक्षामा परेका क्षेत्रलाई खासै समेट्दैन । यी र यस्ता मुद्दाको जवाफबारे कर्णालीका बफादार एजेन्टहरू मौन छन् । जनतालाई बेतुकको संगठन निर्माणमा सहभागी गराउँदै समयको बर्बादी गरिरहेका छन् । राज्यस्रोतको कब्जाबाट आफ्ना निर्वाचन क्षेत्रको जनमतलाई उपयोग गर्ने रणनीतिमा लागेका बुढा पुस्ताका अहंकारी नेताहरूको गुणगानले मात्र कर्णाली बन्दैन भन्ने थाहा हुँदाहुँदै उनीहरूकै भक्तिगानमा व्यस्त छन् । पिछलग्गु बन्दै आशीर्वाद थाप्ने र छोडेको जुठो खाने दौडमा छन् । यिनीहरूलाई अधिकार मागेर हैन, खोसेर लिनुपर्छ भन्ने आँट नै छैन ।

सरकारमा पहुँच हुनेहरूले कर्णाली जस्ता उपेक्षित क्षेत्रका लागि नयाँ-नयाँ तरिकाको राज्यस्रोतबाट वञ्चित गर्ने उपाय निकाल्छन् । किनकि, उनीहरूलाई त्यो क्षेत्रबाट न भोटमा सहयोग हुन्छ न आर्थिक लाभ । त्यसैले उनीहरूले नाममा न्यायोचित विकास भने पनि व्यवहारमा बेवास्ता गर्ने उनीहरूको राजनीतिक शिक्षा नै भइसकेको छ । यसको उदाहरण प्राकृतिक स्रोतको रोयल्टी बनेको छ । अहिलेको संविधानमा प्राकृतिक स्रोतको प्रयोग गरे बापत रोयल्टी संकलन गर्ने र न्यायोचित वितरण गर्ने व्यवस्था छ । देशमा भएको प्राकृतिक स्रोतको प्रयोगले विकास र समृद्धिमा सहयोग पुऱ्याउँछ । यस्ता प्राकृतिक स्रोतको प्रयोग व्यक्तिको एकल प्रयासले सम्भव छैन । राज्यको सहयोग आवश्यक पर्छ ।

प्राकृतिक स्रोतको प्रयोगको सन्दर्भमा हेर्ने हो भने राज्यले कहिल्यै पिछडिएको क्षेत्रको स्रोत उपयोग गरेको देखिंदैन । जस्तो कर्णाली जलप्रवाह क्षेत्रबाट २० हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन क्षमता रहेको छ । तर देशभर १ मेगावाट क्षमताभन्दा माथिका १४१ वटा आयोजना सञ्चालनमा आउँदा कर्णालीमा भने एउटा मात्र आयोजना सञ्चालनमा छ, त्यो पनि ४.८ मेगावाट क्षमताको । यसबाट प्रष्ट छ, कर्णालीले विद्युत् रोयल्टी कति पाउला ? पूर्वाधार र पहुँच अभावका कारण कर्णालीमा रहेका ८२ वटा हिमचुली आरोहण गर्ने पर्वतारोही हुँदैनन् । पहुँच र पूर्वाधार विकासमा राज्यले लगानी गरेन । परिणामस्वरुप पर्वतारोही दुर्गममा आउँदैनन् । यसले गर्दा दुर्गममा पर्यटकीय र आर्थिक गतिविधिमा गतिशीलता हुँदैन । खानी, पानी र वन स्रोतको प्रयोगमा पनि कर्णाली क्षेत्र तीव्र उपेक्षामा छ । शून्य अवस्थामा जस्तै छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको मापदण्ड बनाएको छ । यसले विगतमा प्राकृतिक स्रोत प्रयोगमा सरकारले लगानी गरेका क्षेत्रहरूलाई फाइदा पुगेको छ भने कर्णाली जस्ता उपेक्षित क्षेत्रमा वैधानिक आर्थिक वञ्चितिको अवस्था सिर्जना भएको छ । रोयल्टीबाट वञ्चित गर्नु भनेको थप अन्याय गर्नु पनि हो । यस प्रकारको अन्यायपूर्ण प्रावधानको खुलेर प्रतिरोध गर्न नसक्ने कर्णालीका निरीह नेता देख्दा दया लागेर आउँछ । कहिलेकाहीं उनीहरूको झुटो फुर्ती देखेर रिस पनि उठ्छ । नेताहरूले कि आफैं जान्नु कि जान्ने प्रयास गर्नु । कर्णालीलाई कुन-कुन क्षेत्रमा र कसरी क्षति पुगेको छ भनेर अहिलेसम्म व्यवस्थित अध्ययन गर्ने प्रयास नहुनु अर्को समस्या बनेको छ । तथ्यको खोजी नहुँदा कसैले कुतर्क गरेको कुरामा हाम्रा नेताहरू साक्षी बसेको देखेको छु ।

एक दिन सिंहदरबारमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिवले कर्णालीका घरघरमा एनजीओ छन्, मान्छेले काम गर्न पर्दैन, घरमै भत्ता आइपुग्छ भनिदिए । मलाई पछि लगाएर ती सहसचिव भेट्न गएका नेताजीले कुनै तर्क गरेनन् । मलाई भने ठूलै भोल्टेजको करेन्ट लागेझैं भयो । मेरो साथमा हुने तथ्याङ्कको डायरी पल्टाउँदै तिनको गृहजिल्ला सोधें । उनको जिल्लामा भएको एनजीओको संख्या र कर्णाली प्रदेशभरि भएका एनजीओको संख्या तुलना गरी उनको स्टेटमेन्ट सच्याउन लगाएँ । हो, हामीले कहिलेदेखि कुन कुरामा ध्यान दिने, कसरी तथ्यपरक तरिकाले क्षतिपूर्ति माग गर्ने भन्ने सवाल हो । तर अहिले कर्णालीका मुद्दाभन्दा ठूलो नेताको चाकडी गर्दा छिटो पद र लाभ उठाउन सकिन्छ भन्ने रोगले कर्णालीका नेतालाई भेटेको छ । यदि यी नेतालाई पदभन्दा कर्णालीको माया हुँदो हो त सिंहदरबारलाई चुनौती दिँदै सामूहिक राजीनामा दिने हिम्मत गर्थे । त्यो हिम्मतको सम्मानमा कर्णालीका जनताले फेरि पनि उनीहरूलाई चुन्थे होला ।

तर, पदको लोभले ग्रस्त नेतालाई त्यो गर्नु छैन । आन्तरिक द्वन्द्वको बीउ रोपेर मालिकलाई खुशी पार्नु छ । अझ माथिल्लो कर्णालीको लागि उच्च मनोबलका साथ भिड्ने नेतृत्व छैन । तार्किक बहस गर्ने राजनीतिज्ञ छैनन् । लहडै-लहडमा उफ्रिने अपरिपक्व नेतृत्व न आफू जान्दछ न अरूको सुझाव मान्दछ । केवल फेसबुक र सामाजिक सञ्जालमा लेख्ने होडमा छ । यसले कर्णालीलाई थप क्षतिको बाटोमा हिंडाइरहेको छ । अब प्रश्न उठ्छ र उठाउनुपर्छ- कर्णालीमाथि सर्वत्र अन्याय हुँदा कर्णालीवासीले यी ठूला दललाई किन मान्ने ? जनमतबाट किन बहिष्कार नगर्ने ? गाउँ-गाउँमा फेरि केको झण्डा, किन भाषण ? भाषण गर्ने भए सिंहदरबारमा गर । राजनीतिक प्रशिक्षण अब तिम्रो केन्द्रीय कार्यालयका नेतालाई देऊ भन्न सक्नुपर्छ ।

अब कर्णालीको मत कर्णालीको हुन जरूरी छ । कर्णालीको अहिलेसम्म ब्यहोरेको क्षतिको हिसाब माग्न जरूरी छ । हाम्रो मतले तिम्रो सत्ता हल्लिँदैन भने हामी नो भोटको पक्षमा उभिन्छौं, विश्व जगतलाई कर्णालीले भोगेको क्षतिपूर्तिका कारण उत्पन्न असन्तुष्टि देखाउन चाहन्छौं भनेर म्याद सकिएका शीर्षहरूलाई भन्न सक्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

*आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ती गरुन् झुकेर पदमा यो विन्ती मान्दैन त्यो*

# हार्दिक समवेदना



जन्मः
२००६/१/१

स्वर्गारोहणः
२०८१/१२/१

## स्व. विर्ष बहादुर थापा

हेटौंडा उपमहानगरपालिका ८ नं. वडाका अध्यक्ष श्री रामकृष्ण थापा ज्यूका पुजनीय पिता **विर्ष बहादुर थापा** ज्यूको असामयिक स्वर्गारोहण भएकोमा हामी ज्यादै मर्माहत् भएका छौं । आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मिना कुमारी लामा**
प्रमुख

**राजेश बानियाँ**
उपप्रमुख

**भरत गौतम**
प्रमुख प्रशसकीय अधिकृत

**सविन न्यौपाने**
१ नं. वडा अध्यक्ष

**विष्णुगोपाल महर्जन**
२ नं. वडा अध्यक्ष

**ढलक बहादुर थापा**
३ नं. वडा अध्यक्ष

**नवीन सिग्देल**
४ नं. वडा अध्यक्ष

**शुशिल घिमिरे**
५ नं. वडा अध्यक्ष

**विष्णु बहादुर दाहाल**
६ नं. वडा अध्यक्ष

**दमोदर गौतम**
७ नं. वडा अध्यक्ष

**सुकराम केसी**
९ नं. वडा अध्यक्ष

**फुर्वादोर्जे तामाङ**
१० नं. वडा अध्यक्ष

**जुना दाहाल**
११ नं. वडा अध्यक्ष

**अर्जुन तिवारी**
१२ नं. वडा अध्यक्ष

**पेम्बा लामा**
१३ नं. वडा अध्यक्ष

**दीपक खड्का**
१४ नं. वडा अध्यक्ष

**सुनिल मोक्तान**
१५ नं. वडा अध्यक्ष

**रामकृष्ण कोइराला**
१६ नं. वडा अध्यक्ष

**उद्धव सत्याल**
१७ नं. वडा अध्यक्ष

**अनिल बानियाँ**
१८ नं. वडा अध्यक्ष

**नरनाथ सुवेदी**
१९ नं. वडा अध्यक्ष

**एवम्**

## हेटौंडा उपमहानगरपालिका, परिवार

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमबिबिएस अध्यापन गराउने

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले आगामी वर्षबाट एमबिबिएस अध्यापनको तयारी थालेको छ ।

चिकीत्सा शिक्षा आयोग मार्फत् प्रतिष्ठानले एमबिबिएस अध्यापनको तयारी अगाडि बढाएको हो । प्रतिष्ठानले हेटौंडा-४ स्थित भुटनदेवीचौरको जग्गामा निर्माणाधीन शैक्षिक भवन र हेटौंडा-१ हेटौंडा अस्पताल परिसरमा निर्माण भइरहेको २०० शैय्या क्षमताको अस्पताललाई पूर्णता दिएर औजार उपकरण जडानका लागि तयारी थालेको प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवालीले जानकारी दिएका छन् ।

निर्माणाधीन शैक्षिक भवन र अस्पताल भवनको चालु आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न हुने अवस्थामा रहेको उपकुलपति ज्ञवालीले बताए । भवनले सम्पन्नता पाएलगत्तै आवश्यक औजार, उपकरण जडान गरी संचालनमा ल्याउने प्रतिष्ठानको योजना रहेको उनको भनाई छ । यो कार्यका लागि प्रतिष्ठानले बागमती प्रदेश सरकारमार्फत् बजेट व्यवस्था गरेर आवश्यक प्रक्रिया पूरा गरी उपकरण जडानको कार्य गर्ने उनले बताए ।




'हाल यो भवनको भौतिक संरचनाको मात्र कामका लागि ठेक्का लगाइएको हो । काम आगामी असारसम्म सकिन्छ । यसपश्चात प्रदेश सरकारमार्फत् बजेट व्यवस्था गरी औजार, उपकरणको व्यवस्थापन तथा जडानको काम हुनेछ ।' उनले भने । आगामी वर्षबाट आयोगले तोकेअनुसारको सिट र संकायमा एमबिबिएस अध्यापन चलाउने गरी तयारी भएको उनले बताए । यसका लागि प्रदेश सरकारले व्यवस्थापन गर्नुपर्ने कुल छात्रवृत्तिको ७५ प्रतिशत स्रोत सुनिश्चित गर्न छलफल भइरहेको उनले जानकारी दिएका छन् ।

प्रतिष्ठानले एमबिबिएस अध्यापन कार्यका लागि ३३ जना प्राज्ञिक जनशक्ति भर्नाका लागि आवेदन माग गरेको छ । प्रतिष्ठानले एबिबिएस कक्षा सञ्चालनको पूर्वतयारीका रुपमा जनशक्ति व्यवस्थापन गर्नेगरी प्राज्ञिक जनशक्ति माग गर्दै आवेदन आह्वान गरेको हो । प्रतिष्ठानको प्राज्ञिक सेवातर्फ आवश्यक जनशक्ति करार सेवाबाट लिनेगरी आवेदन माग गरेको प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाईंले जानकारी दिएका छन् ।

गुरागाईंका अनुसार प्रतिष्ठानले एनाटोमी, फिजियोलोजी, बायोकेमेष्ट्री, प्याथोलोजी, फर्माकोलोजी, कम्युनिटी मेडिसिन, माइक्रोबायोलोजी, सर्जरी, इएनटी, अर्थोमोलोजी, रेडियोलोजी, साइकाट्रिक, डेन्टल, डर्माटोलोजी, फोरेन्सिक मेडिसिन संकायका प्राध्यापक माग गरेको छ । त्यस्तै साइकोलोजी, प्याथलोजी, कम्युनिटी मेडिसिन, फोरेन्सिक मेडिसिन, माइक्रोबायोलोजी, अर्थोमोलोजी, रेडियोलोजी, डर्माटोलोजी, एडिजीपी, इएनटी, बायोकेमेष्ट्रि, हेम्याटोलोजी, मिडवाईफरी नर्सिङ, कम्युनिटी हेल्थ नर्सिङ, साइकार्ट्रिक नर्सिङ, पेडिएट्रिक नर्सिङ, फर्माकोलोजीको लेक्चरर र ल्याव मेडिसिनको इन्स्टक्टर भर्नाका लागि आवेदन माग गरिएको उनले बताए ।

जनशक्ति नियुक्तिपश्चात एमबिबिएस अध्यापनका लागि आवश्यक जनशक्तिलगायतका पूर्वाधार निर्माण तयार हुने रजिष्टार गुरागाईको भनाई छ । हाल हेटौंडा अस्पतालमा रहेका चिकित्सकलाई पनि प्रतिष्ठानले प्रयोग गरी थप सेवा गर्ने गरी प्राज्ञिक तथा शैक्षिक जनशक्तिको रुपमा नियुक्त गरिएको उनले बताए । प्रतिष्ठानकै पहमलमा हेटौंडा अस्पताल परिसरमा संघीय सरकारको विशेष अनुदानमार्फत् २३ करोड लागतमा ६ तले भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

प्रदेश सरकार मातहतको सहरी तथा भवन कार्यालय हेटौंडाले भवनको टेण्डर आह्वान गरेको थियो । २०७८ असार १८ गते २३ करोड ६४ लाख २५ हजार रुपैयाँ लागतमा कार्यालयले विकोई नवसिर्जनशील जेभीसँग भवन निर्माणको लागि सम्झौता गरेको थियो ।

# चालू आर्थिक वर्षको ८ महिनामा ३३ प्रतिशत बजेट खर्च




साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/हेटौंडा उपमहानगरपालिकाले चालू आर्थिक वर्षको ८ महिनामा ३३ प्रतिशतमात्र बजेट खर्च गरेको छ ।

उपमहानगपालिकाले आर्थिक वर्ष ०८१/८२ को साउनदेखि फागुनसम्म ३३ दशमलव ६५ प्रतिशतमात्र बजेट खर्च गरेको हो । आर्थिक वर्ष ०८१/८२ का लागि उपमहानगरले संशोधनसहित २ अर्ब ७२ करोड रुपैयाँको बजेट पारित गरेको थियो । जसमध्ये ८५ करोड २ लाख ६७ हजार ७ सय ७७ रुपैयाँमात्र खर्च भएको हो । उपमहानगरको पुँजीगत खर्चभन्दा चालूखर्च अत्यधिक देखिएको छ । आठ महिनामा चालूखर्चतर्फ ७० करोड १२ लाख ५४ हजार अर्थात् ४१ दशमलव ८१ प्रतिशत खर्च भएको छ ।

तर, पुँजीगततर्फ खर्च १४ करोड ५० लाख ३९ हजार अर्थात् १७ दशमलब २८ प्रतिशत मात्र खर्च भएको छ । वित्तीय व्यवस्थापनतर्फ भने ३९ लाख ७३ हजार अर्थात् ३९ दशमलब ७४ प्रतिशत खर्च भएको उपमहानगर पालिका सूचना अधिकारी भानुभक्त थपलियाले जानकारी दिएका छन् । उपमहानगरपालिकाले विभिन्न श्रोतबाट राजस्व संकलन गरेको छ ।

प्रशासनिक दण्ड, जरिवाना र जफतबाट २० लाख रुपैयाँ, धरौटीबाट २० हजार, अन्य राजस्व स्रोतबाट २ लाख ५० हजार, तथा १ करोड ६३ लाख ९९ हजार ३ सय रुपैयाँ राजस्व संकलन भएको छ । त्यसैगरी, बेरुजुबाट ३ लाख, बैंक मौज्दातबाट १७ करोड ६० लाख तथा अन्य संस्थाबाट प्राप्त ३ करोड ६० लाख रुपैयाँ नगरपालिकाले राजश्व संकलन गरेको छ ।

# क्षयरोग दिवसमा १० बिरामी सम्मानीत

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/बिश्व क्षयरोग दिवस 'मार्च २४' को अवसरमा हेटौंडा उपमहानगर पालिका क्षेत्रमा रहेर नियमित औषधिसेवन गरिरहेका १० जना बिरामीलाई सम्मान गरिएको छ ।



उपमहानगरपालिका क्षेत्रमा रहेर नियमित औषधिसेवन, जाँच र नियमअनुसार उपचार पूरा गरेका १० जनालाई पोषणयुक्त खाद्यान्न र सवारी भाडा सहित सम्मान गरिएको हेटौंडा उपमहानगर पालिका स्वास्थ्य शाखाप्रमुख सूर्यप्रसाद तिवारीले बताए । उनका अनुसार बिरामीसहित नगरक्षेत्रमा रहेका स्वास्थ्य संस्थामध्ये बिरामीको तथ्याङ्क दुरुस्त राखेको भन्दै सहरी स्वास्थ्य केन्द्र हेटौंडा-११ का प्रमुख मीना कुमारीलाई सम्मान गरिएको छ । उनीहरुलाई नगरप्रमुख मीनाकुमारी लामाले पुरस्कार तथा सम्मान हस्तान्तरण गरेकी हुन् ।

'हो हामी क्षयरोग अन्त्य गर्न सक्छौं, लगानीको प्रतिवद्धता र सेवाप्रवाहको सुनिश्चितता आजको आवश्यकता' भन्ने नाराको साथ कार्यक्रम सञ्चालन भएको हो । स्वास्थ्य शाखाको तथ्यांकअनुसार उपमहानगरक्षेत्रबाट ५ वटा केन्द्रमार्फत् खकार जाँच हुने गरेको छ भने चालु आर्थिक वर्षको फागुन मसान्तसम्म २०७ जना बिरामी दर्ता रहेका छन् । क्षयरोग परीक्षणका लागि जिन रिपोर्ट जाँच भने हेटौंडा अस्पतालमा हुने गरेको छ । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत गौतम सहित उपमहनगरक्षेत्रका बिभिन्न स्वास्थ्यकेन्द्रका प्रमुखहरुको सहभागिता रहेको थियो ।

# स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै सरकारले गर्‍यो कुलमानलाई बर्खास्त

काठमाडौं, ११ चैत/ २०७३ सालको तिहारबाट काठमाडौं उपत्यकामा घरायसी लोडसेडिङ अन्त्य गरेपछि उज्यालोको प्रतिक बनेका कुलमान घिसिङलाई दोस्रो कार्यकाल सकिन केही महिनामात्रै बाँकी रहँदा मन्त्रिपरिषद्ले पदमुक्त गरेको छ । करिब साढे आठ महिनाको रस्साकस्सीपछि मन्त्रिपरिषद्ले अन्तत: नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई बर्खास्त गर्ने निर्णय गरेको हो ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकबाट पदमुक्त गर्ने निर्णय गरेको हो । उनको कार्यकाल २४ साउन २०८२ मा सकिँदै थियो । घिसिङलाई बर्खास्त गरेपछि मन्त्रि परिषद्ले प्राधिकरणकै पूर्वकार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गर्ने निर्णय गरेको छ । यसअघि २५ साउन २०७८ मा तत्कालीन कार्यकारी निर्देशक शाक्यलाई हटाएर कुलमानलाई सो पदमा दोस्रोपटक नियुक्त गरिएको थियो ।

सरकारसँगको लामो द्वन्द्वपछि मन्त्रिपरिषद्को १२ फागुनमा उनलाई पदबाट किन नहटाउने भन्दै सफाइ पेश गर्न भन्दै स्पष्टीकरण सोधेको थियो । खासगरी डेडिकेटेड र ट्रंकलाइन विवादमा सरकार र कुलमानबीच टकराव रहँदै आएको थियो । मन्त्रिपरिषद् बैठकले चार प्रमुख आधारमा घिसिङलाई बर्खास्त गर्ने प्रयोजनका लागि स्पष्टीकरण सोधेको थियो । त्यसको एक महिनापछि मात्रै उनलाई पदबाट हटाउने निर्णय भएको हो । त्यसअघि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले पटक-पटक स्पष्टीकरण सोधेको थियो ।

मन्त्रिपरिषद् निर्णयअनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कार्यकारी निर्देशक घिसिङलाई सोधेको स्पष्टीकरणमा प्रमुख चार आधार लिइएका थिए । त्यही आधारमा उनलाई पदमुक्त गर्ने निर्णय भएको एक मन्त्रीले संचारकर्मीलाई जानकारी दिए । मन्त्रिपरिषद्ले उनलाई पदमुक्त गर्न लिएको प्रमुख आधार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र घिसिङबीच ५ माघ २०७८ मा भएको कार्यसम्पादन सम्झौता पालना नगरेको विषयलाई बनाइएको छ ।



'मन्त्रालय र तपाईंबीच ५ माघ २०७८ मा भएको कार्यसम्पादन सम्झौताको दफा ९.५ को समयसीमा भित्र आर्थिक वर्ष २०८०/८१ को कार्यसम्पादन प्रतिवेदन पेस नगरी सम्झौताका सर्त उल्लंघन गर्नु भएका कारण सोही सम्झौताको दफा १०.३ को अवस्था उत्पन्न भएकाले सोही दफा १०.३ बमोजिम तपाईंसँगको सम्झौता अन्त्य गरी तपाईंको नियुक्ति रद्ध किन नगर्ने ?,' भन्दै मन्त्रिपरिषद्ले स्पष्टीकरण सोधेको थियो ।

भदौभित्रै गरिसक्नुपर्ने कार्यसम्पादन मूल्यांकनका लागि घिसिङले २२ पुसमा ऊर्जा मन्त्रालयले यस विषयमा स्पष्टीकरण सोधेपछि उनले हतार-हतार २६ पुसमा कार्यसम्पादन विवरण बुझाएका थिए । तर, घिसिङले कार्यसम्पादन मूल्यांकनका लागि उक्त अवधिमा आफ्नो कामको विवरण नै बुझाएका थिएनन् । सम्झौताको दफा १०.३ मा पहिलो र दोस्रो वर्षको कार्यसम्पादन मूल्यांकनमा घिसिङले लगातार वा तेस्रो आर्थिक वर्षको मात्रै मूल्यांकनमा ५० प्रतिशतभन्दा कम अंक पाएको अवस्थामा उनलाई पदबाट हटाउन सिफारिस गर्न सक्ने व्यवस्था छ । मन्त्रिपरिषद्ले पेश गरेको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै उनलाई बर्खास्त गरेको हो ।

त्यस्तै, घिसिङले नेपाल सरकार, प्राधिकरण बोर्ड तथा ऊर्जा मन्त्री कसैको पनि पूर्वस्वीकृति नलिई भारतसँग ऊर्जा आदान-प्रदान समिति (पीईसी) बैठकमार्फत नेपालले आयात गर्ने विद्युतको भाउ बढाएको भन्दै त्यसलाई पनि बर्खास्तीको आधार बनाइएको स्रोतले बतायो । घिसिङले यस वर्षमात्रै होइन, गत वर्ष पनि नेपाल सरकारको पूर्वस्वीकृति नै नलिई भारत-नेपाल ऊर्जा आदान-प्रदान समिति (पीईसी) को बैठकमा सहभागी भएको तथा सहमतिपत्रमा हस्ताक्षर गरेका थिए ।

घिसिङले यो वर्ष १२ फेब्रुअरी २०२५ र गत वर्ष ११ मार्च २०२४ मा पीईसी बैठकमा सहभागी भई भारतबाट १३२, ३३ र ११ केभी प्रसारण लाइन मार्फत आयात हुने विद्युत् भाउ बढाउने सहमति गरेका थिए । गत वर्ष ४.४५ प्रतिशत र यो वर्ष १.५ प्रतिशतले त्यस्तो विद्युत् भाउ बढाउने सहमति गर्न जाँदा उनले नेपाल सन्धि ऐन, २०४७ को दफा २ को खण्ड (ख) एवं नेपाल सरकारबाट जारी भएको सन्धि सम्पन्न गर्ने निर्देशिका, २०७७ को दफा २ को खण्ड (छ) बमोजिमको अधिकारपत्र (पूर्णाधिकार) नै नलिएको मन्त्रिपरिषद्ले सोधेको स्पष्टीकरणमा उल्लेख थियो ।

यसरी भ्रमण आदेश नै स्वीकृति नगराई वार्तामा गएको तथा भाउ बढाउने सहमति गरेर आएको विषयलाई समेत आधार मानेर घिसिडलाई पदमुक्त गरिएको हो । त्यस्तै, २५ कात्तिक २०८१ को मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगरेको विषयलाई पनि उनलाई पदबाट हटाउने आधारका रुपमा लिइएको छ ।

सो दिनको मन्त्रिपरिषद् बैठकले डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् उपयोग गर्ने ग्राहकहरूले खपत गरेको विद्युत् बक्यौता रकम टाइम आफ डे मिटर समेतका आधारमा महसुल निर्धारण तथा असुली सम्बन्धी विषयमा मन्त्रालय मार्फत दिएको निर्देशन कार्यान्वयन नगरी अवज्ञा गरेको मन्त्रिपरिषद्को भनाइ छ ।

सोही दिनको मन्त्रिपरिषद् बैठकले टीओडी मिटर समेतका आधारमा पुन: गणना गरी १५ दिनभित्र डेडिकेटेड र ट्रंक लाइन विद्युत् बक्यौता असुल गर्ने तथा २४ घण्टाभित्र त्यसबेला उद्योगमा काटिएको लाइन जोडिदिने निर्णय गरेको थियो । त्यस्तै, ऊर्जा मन्त्रालय गठन गरेको प्राविधिक समितिलाई सहयोग र सहजीकरण गर्ने गरी ४ पुसमा प्राधिकरण सञ्चालक समितिले गरेको निर्णयमा घिसिङले 'नोट अफ डिसेन्ट' लेखेको विषयलाई पनि पदमुक्त गर्ने आधार बनाइएको ती मन्त्रीले बताए । त्यसअघि प्रचन्ड नेतृत्वको सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लाल अध्यक्षताको आयोगले पनि टीओडी मिटरका आधारमा पुन: गणना गरी २०७२ माघदेखि २०७५ वैशाखसम्मको बक्यौता उठाउनुपर्ने सुझाव दिएको थियो । आयोगको सो निर्णय पनि उनले कार्यान्वयन गरेका थिएनन् । मन्त्रिपरिषद्को निर्णय पटकपटक अवज्ञा गरेकाले पनि उनलाई पदमुक्त गरिएको ती मन्त्रीले बताए ।

प्राधिकरण ऐन २०४१ को दफा २५ मा नेपाल सरकारले प्राधिकरणलाई निर्देशन दिन सक्ने र त्यसको पालना प्राधिकरणले गर्नुपर्ने उल्लेख छ । तर, ऐनबमोजिम कार्यकारी निर्देशकले पालना गर्नुपर्ने आफ्नो काम र कर्तव्य पालना नगरेकाले तपाईंलाई पदबाट किन नहटाउने भन्दै उनीमाथि स्पष्टीकरण सोधिएको थियो ।

नेपाल विद्युत् प्राधिकरण, कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवाको सर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६१ को विनियम २२ बमोजिम आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसके कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने व्यवस्था छ । कार्यकारी निर्देशकलाई कुनै सजाय गर्नुपूर्व उनलाई कारबाही गर्न लागिएको कारण उल्लेख गरी उचित म्याद दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्ने छ भन्ने व्यवस्था विनियम २३ मा छ । मन्त्रिपरिषद्ले स्पष्टीकरण सोधेपछि उनले १८ पेजको स्पष्टीकरण पेश गरेका थिए ।

५ माघ २०७८ मा प्राधिकरणसँग भएको कार्यसम्पादन सम्झौता अनुसार आर्थिक वर्ष २०७८/७९ मा ९४.२३ र २०७९/८० मा ९८.९४ अंक प्राप्त भएको र २०८०/८१ मा ९८.९९ अंक प्राप्त हुने वस्तुगत अवस्था सहित मूल्यांकन प्रयोजनार्थ विवरण पेश गरेको घिसिङको भनाइ थियो । सम्झौतापत्रमा कार्यसम्पादन पेस गर्नुपर्ने म्याद नतोकिएको र विगतको अभ्यास अनुरूप नै २०८०/८१ को कार्यसम्पादन प्रतिवेदनको पूर्वाग्रहर हित मूल्यांकन भई उचित अंक पाउनुपर्ने उनको जिकिर थियो । सम्झौतापत्रमा कार्यसम्पादन प्रतिवेदन पेस गर्ने समयावधि उल्लेख नभएको उनको दाबी थियो ।

यसअघिको पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढल्ने र वर्तमान सरकार बन्ने निश्चित भइसकेको अवस्थामा कुलमानले २५ र २६ असारमा उद्योगहरूको लाइन काटेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# दशकौंदेखि बन्द उद्योगमा कार्यकर्ता भर्ती गर्दै सरकार

काठमाडौं, ११ चैत/ सरकारले दशकौंदेखि बन्द रहेका दुई सरकारी कम्पनीमा अध्यक्ष नियुक्त गर्ने दरखास्त आह्वान गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले १० चैतमा नेपाल मेटल कम्पनी र नेपाल ओरियन्ड म्याग्नेसाइट कम्पनीमा अध्यक्ष नियुक्त गर्न दरखास्त आह्वान गरेपछि सरकारको नियतमा खोट देखिएको भन्दै आलोचना भएको छ ।

दशकौंदेखि बन्द ती दुई कम्पनीमा अध्यक्ष नियुक्त गर्नुको उद्देश्य उद्योग मन्त्रालयले पुष्टि गर्न सकेको छैन । सरकारले घिसिपिटी चलाउँदै आए पनि उदयपुर सिमेन्ट उद्योग र हेटौंडा सिमेन्ट उद्योगको उत्पादन केही महिनादेखि ठप्प छ । ती उद्योगलाई सरकार आफैंले निजीकरण गर्ने सूचीमा राखेको छ ।

भएकै उद्योग चलाउन नसकेर हरिबिजोग भएका बेला मेटल र ओरियन्ड कम्पनीमा अध्यक्ष नियुक्त गर्नु भनेको त्यस्ता कम्पनीमा आफ्ना कार्यकर्ता भर्ती गर्नुबाहेक अर्को कुनै उद्देश्य नहुने सम्बद्ध जानकार बताउँछन् । उद्योग मन्त्रालयले आइतबार छुट्टाछुट्टै सूचना प्रकाशित गरी नेपाल मेटल कम्पनी र नेपाल ओरियन्ड म्याग्नेसाइट कम्पनीमा अध्यक्ष नियुक्त गर्न दर खास्त मागेको हो ।

सरकारले आफैं भने निजी क्षेत्रलाई सञ्चालन गर्न दिन ८ वटा सार्वजनिक संस्थानको नाम सिफारिस गरेको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेल नेतृत्वको समितिले निजीकरण ऐन अन्तर्गत गरेको सिफारिसमा हेटौंडा सिमेन्ट उद्योग, उदयपुर सिमेन्ट उद्योग, नेपाल मेटल कम्पनी, जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल, हेटौंडा कपडा उद्योग, बुटवल धागो कारखाना र गोरखकाली रबर उद्योग निजीकरण हुने उल्लेख छ ।

अहिले अध्यक्षको दर्खास्त आह्वान गरिएको मेटल कम्पनी पनि निजी क्षेत्रलाई चलाउन दिने सूचीमा परेको छ । ओरियन्ड भने यसअघि नै निजीकरण भइसकेको छ । निजीकरण हुने सूचीमा परेका यी सबै उद्योग उद्योग मन्त्रालय मातहत हुन् । उद्योगमन्त्री दामोदर भण्डारीको उपस्थितिमा उद्योगहरू निजीकरणको सिफारिस गर्ने निर्णय गरिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुटुने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना